संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित
मुलुकी
राष्ट्रिय दैनिक
खबर
माझखर्क
साप्ताहिकको सह-प्रकाशन

गाडि रिर्जभ चाहिएमा
डाईभर नन्दु चौधरी मो.न.९८४२९९०५४
९८५२८३७५८२

■ बर्ष-१५, ▶▶ अंक ३५२ ▶▶ असार २७ आईतबार,२०७८, July–11 Sunday 2021,यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. ५/-www.majhkharka.com

अबिरल वर्षाले उदयपुरका हजारौ बिगाहा धानखेत नष्ट

❖ बुद्धि कुमार राई

उदयपुर, असार २६

केहीदिनयता लगातार भईरहेको वर्षाका कारण जिल्लामा धेरैतिर पहिरोको जोखिम बढेको छ । बाढीले उदयपुरका बिभिन्न ठाउँमा लगाइएको हजारौं बिगाह धानखेत कटान र डुबान गरिरहेको छभने पहाडी भेगमा पहिरोको जोखिम बढेको छ।

केहीदियता लगातार भईरहेको वर्षाले सदरमुकाम त्रियुगा नगरपालिकासँगै चौदण्डीगढी, कटारी र बेलका नगरपालिकाका फाँटिला र समथर जमिनका खेतबारी नष्ट पारेको छ भने पहाडी भेगमा पहिरो गएर स्थानीयलाई विस्थापित गर्ने खतरा बढेको छ । भारी वर्षापछि स्थानीय खोला खहरेमा आएको बाढीले कटान डुवानले धान खेत क्षति गरेको स्थानीयले बताएका छन् ।

उदयपुर जिल्लाको पूर्वी बेलका नगरपालिका ५ जहडाका किसान रोप्नको लागि धानको बिउ उखेल्दै । तस्बिर – बुद्धि

बाढीले त्रियुगा, कटारि, बेलका र चौदण्डी गढीका हजारा विगाहा

- *बाँकी २ पेजमा*

सडकपेपेटीको ढुङ्गा हटाईयो

गाईघाट परिचय होटल छेउमा रहेको सडकपेटीको ढुङ्गा हटाईएको छ । तस्बिर – सरस्वती राई

खेलाडीले फुटबल पाए

❖ बेदकुमारी राई

गाईघाट असार, २६

अखिल नेपाल फुटबल संघ एन्फाका केन्द्रीय सदस्य तथा प्रवक्ता किण ाईले उदयपु गाईघाटका महिला खेलाडीहरुलाई फुटबल प्रदान गेका छन् ।

उदयपु जिल्लाको महिला फुटबल खेलाडीहरुको फुटबल खेलको बिकासको लागि फुटबल प्रदान गर्को प्रवक्ता ाईले बताए । उक्त कार्यक्रममा जिल्ला प्रशिक्षण संघको केन्द्रिय सदस्य दिपक थापा नयाँ महिला प्रशिक्षक असिम ाई, गाईघाट फुटबल संघका प्रशिक्षक किण कार्की, प्रशिक्षाक बिन्द्रमानसिहं बस्नेत लगायतको उपस्थिति हेको थियो। उक्त कार्यक्रममा गाईघाटका १५ जना महिला फुटबल खेलाडीको लागि ३ वटा फुटबल प्रदान गएिको थियो ।

एन्फा प्रवक्ता किण ाईले उदयपु गाईघाटका महिला फुटबल खेलाडिहरुलाई हौसला प्रदान गर्नको निम्ति ३ थान फुटबल प्रदान गेको बताए ।

कोविड १९ को असहज पर्रिस्थिति पश्चात अभ्यासको थालनीमा नयाँ महिला प्रशिक्षक असिम ाई आएका छन् । नयाँ प्रशिक्षक असिम ाईले नयाँ जोस जागको साथ उदयपुको महिला खेलाडीहरुलाई प्रशिक्षण दिने बताए ।

प्रियंका फैन्सी पसल
गाईघाट, मेनचोक

यहाँ सुपथ मुल्यमा कुर्था, सुरुवाल, सर्ट, पेन्ट, भेस्ट, बच्चाको कपडा सेट, विभिन्न डिजाइनमा पाइन्छ । स्थान - गाईघाट, मेनचोकको पूर्वबाँया साइड बिमलाा कोल्ड स्टोर, तिम्ला फोटो स्टुडियो सँगै ।
सम्पर्क-९८४२८७६६८४ - ९८४२८७६६८४

जनताको माग पुरापछि करिडोर सुरु

❖ **मुलुकी संवाददाता**

कटारी, असार २६

निर्माणाधीन सोलु करिडोरको काम सुरक्षाफौज लगाएर थालिएको घट्नाप्रति निवर्तमान सांसद सुरेककुमार राईले असहमति जनाउँदै काम रोकेका छन् । केहीदिनयता सुरक्षाफौज राखेर सुरु गरिएको सोलु करिडोरअन्तर्गत विद्युतीकरणको कामप्रति कटारी नगरपालिका ४ मरुवाका स्थानीयले असहमति जनाउँदै नगरपालिकामा शुक्रबार विहान तालाबन्दी गरेका थिए ।

नगरपालिकाले प्रशासन र करिडोर आयोजना कार्यालयसँग छलफल गरेर निश्कर्षमा पुग्ने सर्तमा साँझ ताला खोलिएको थियो । जस अनुसार सर्वपक्षीय छलफल गर्न राजधानीदेखि कटारी आईपुगेका निबर्तमान सांसद राईले जनताको चाहनाविपरित विकासको नाममा जवरजस्ती गर्नु अन्यायपूर्ण हुने भन्दै काम रोक्न आग्रह गरेका छन् ।

सांसद राईले घट्नास्थलको निरीक्षण अवलोकन गर्दै नेपाल सरकारले निर्णय गरे अनुसारको एलाईनमेनट बदल्नुपर्नेमा जवरजस्ती काम गर्न लगाएर सरकारले जनविरोधी गतिबिधि गरेको बताए । उनले स्थानीयको भावनामाथि ठेस पुग्ने गरी जवरजस्ती गर्नु अन्याय हुने भन्दै सहमति कायम नगरेसम्म काम अघि नबढाउन आग्रह गरे । स्थानीयसँग सहमति, सहकार्य नगरी एकतर्फी ढंगले काम गर्दा बिबाद उत्पन्न भएको भन्दै उनले बिबाद समाधान नभएसम्म काम अघि नबढाउन सुझाए ।

सोलु करिडोर अन्तरर्गत पर्ने मरुवाका १६ घर परिवारको जमिनको मुआब्जा माग्दै स्थानीले २ वार्षअघि नै प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाइएको थियो । सांसद राईकै रोहबरमा मेयर श्रेष्ठले प्रधानमन्त्री केपी ओलीलाई ज्ञापनपत्र बुझाएका थिए । ज्ञापनपत्र बुझाएपछि सरकारले स्थानीयको समस्या सम्बोधन गर्ने प्रतिबद्धता जनाएको थियो । जस अनुसार स्थानीयको जमिनको मुआब्जा दिने निर्णय भएको थियो । मुआब्जा दिने भएपछि नगरपालिकाले प्रतिधुर २ लाख ५० हजारका दरले मुआब्जा दिनका लागि सिफारिस गरेको थियो । तर, जिल्ला जग्गा व्यवस्थापन समितिले प्रति धुर १ लाखका दरले मुआब्जा दिने निर्पय गरेको छ । प्रमुख जिल्ला अधिकारी संयोजकत्वको समितिले गरेको निर्णयप्रति स्थानीयले असहमति जनाउँदै बिबाद गरेपछि काम रोकिन पुगेको स्थानीयहरुको भनाई छ ।

सोलु करिडोर १ सय ३३ किलोभोल्ट प्रशारण लाईनको विद्युत आयोजना हो । सोलुखुम्बुको तिङ्लाबाट सिराहाको मिर्चया जोड्ने प्रशारण लाईन ९० किलोमिटर दूरीमा ३ सय २वटा टावर व्यवस्थापन समितिले प्रति धुर१ लाखका दरले मुआब्जा दिने निर्णय गरेको छ । प्रमुख जिल्ला अधिकारी संयोजकत्वको समितिले गरेको निर्णयप्रति स्थानीयले असहमति जनाउँदै बिबाद गरेपछि काम रोकिन पुगेको स्थानीयहरुको भनाई छ ।

सोलु करिडोर १ सय ३३ किलोभोल्ट प्रशारण लाईनको विद्युत आयोजना हो । सोलुखुम्बुको तिङ्लाबाट सिराहाको मिर्चया जोड्ने प्रशारण लाईन ९० किलोमिटर दूरीमा ३ सय २वटा टावर निर्माणाधीन रहेको छ । जसमध्ये अहिलेसम्म २ सय ९२ वटा टावरको फाउण्डेशन बनिरहेको जनाइएको छ । उदयपुर क्षेत्रमा १० वटा टावर बनाउनुपर्नैमा मरुवाक्षेत्रमा मात्र ३ वटा बन्ने प्राविधिक इस्टीमेट रहेको छ । सोलुखुम्बु र आसपासका बिभिन्न विद्युत आयोजनाबाट उत्पादित विद्युत् सोलुखुम्बु, ओखलढुंगा र उदयपुरमा वितरण गरेर बाँकीलाई राष्ट्रिय प्रसारण लाइनमा जोड्ने योजना सोलु करिडार हो । सोलु करिडोरमा भारतसँग ३ सय २५ मेगावाट विद्युत् खरिद बिक्री गर्ने सम्झौता (पिपिए) गरेको प्राधिकरणले छ ।

१,	आलु	रु ४०
२,	अदुवा	रु १६०
३,	टमाटर	रु ७०
४,	बन्दा	रु ७०
५,	भेन्टा	रु ८०
६,	खुर्सानी	रु २००
७,	मुला	रु ४०
८,	पर्वल	रु १००
९,	तितेकरेला	रु ६०
१०,	भिन्डी	रु ८०
११,	च्याउ	रु २४०
१२,	फुलकोबी	रु १६०
१३,	फर्सि	रु ७०
१४,	कटहर	रु ४०
१५,	काका	रु ८०
१६,	धनियाँ	रु ८०
१७,	लोकलबोडि	रु ८०
१८,	खर्बुजा	रु ४०
१९,	रायो साग	रु १००
२०,	लट्टे साग	रु ६०
२१,	प्याज	रु ७५
२२,	निगुरो	रु २५
२३,	दुध	रु ७०
२४,	दहि	रु ९०
२५,	महि	रु ५०
२६,	घिउ	रु ७००
२७,	रागाको मासु	रु ४००
२८,	बंगुरको मासु	रु ४००
२९,	खसिको मासु	रु १०००

सगरमाथा
डिपाटमेन्ट स्टोर
गाईघाट, उदयपुर

सब घरायसी दैनिक उपभोग्य सामानहरु, लुगा कपडाहरु, विद्युतीय सामानहरु गाईघाटमा एकै ठाउमा पाईने सगरमाथा डिपाटमेन्ट स्टोर, गाईघाट लोकतान्त्रिक पिपलचोक, उदयपुर

प्रोपाइटर - **किरण चामलिङ राई**

बिके किराना पसल

३३ वर्ष अघि २०४५ साल मंसिर १ गतेदेखि ग्राहकहरुको सेवामा समर्षित ।

गुणस्तरीय सामान सस्तो, सुपथ मुल्यमा आफै सामान छान्न सकिने, डिपाटमेन्ट स्टोस जस्तै सेवा भएको , होम डेलिभरी सेवा भएको विगत ३३ वर्ष अघिदेखि गाईघाटको ग्राहकहरुको सेवा बिके किराणा पसल । गाईघाट, असारी रोड लालिगुरास बोडिङ पूर्व मन्दिर संगै, उदयपुर । ***प्रोपाइटर* - भरत चामलिङ राई**
सम्पर्क - ९८६८१९८५२४ / ९८०२२१५२९६

अबिरल .....

खेतीयोग्य जमिन बगाएर नष्ट गरेको छ। त्यस्तैं हजारौं बिगाह जमिन कटानको उच्च जोखिममा परेको स्थानीयले बताएका छन्। त्रियुगाले वर्षेनी बाढीबाट जमिन कटान र डुबान गर्ने समस्या निम्त्याउँदै आएको छ। त्रियुगा, बरुवा, लुहाले, ठाडी, सरस्वीत, शाही खोलाहरु वर्षायामका लागि अभिसाप बन्दै आएका छन्।

त्यस्तै चौदण्डीगढी काली र द्वार खोलाले पनि त्यसैगरी जनतालाई पिरौल्दै आएको छ। त्यस नगपालिकामा पनि वर्षा याममा आउने बाढीले डुबान र कटान गर्ने समस्या आईपर्ने गरेको छ। वर्षाले डुबान गर्दा होचो र तल्लो भेगका खेतमा लगाइएको सयौं बिहाह क्षत्रफलको खेत पुरिदा धानबाली नष्ट भएकोमा किसानलाई भोकै पर्ने चिन्ता बढेको स्थानीय मानबहादुर मगरले बताए। उनका अनुसार बाढीले धान खेत पुरेपछि आउदो वर्ष खाने अन्नको आस मरेको छ।

बेलकाका सिशुवा, गिनेरी, सेती र काली खोला तथा बिभिन्न खहरेमा आएको बाढीले त्यस्तै क्षति गरेको स्थानीय बताउँछन्। खासगरी होचा ठाउँ र खोला किनारका खेत कटान र डुबानमा पर्दा धानबाली नष्ट भएको स्थानीय जनक राईले बताए। उनका अनुसार फाँटका खोला खहरेमा बाढी आउन थालेपछि निरन्तर कटान हुँदै जाने भएकाले तत्काल कटान रोक्ने उपाय अपनाउन स्थानीयले नगरपालिका र विपत व्यवस्थापन समितिसँग आग्रह गरेका छन्।

उता कटारीका वैजनाथ, तावा, ककरु र कमला नदीमा आएको बाढीले उस्त बालीनालीमा क्षति पुगेको छ भने पशु चौपायाका खोर भत्काएको जनाइएको छ। पहिरो खस्दा पुवारेदेखि चौतारी भन्ज्याङ-रौता सडकसमेत भत्काउनुका साथै पुरेर क्षति पुगेको अर्का स्थानीय घमानसिंह मगरले बताएका छन्। वितण्डा मच्चाएको खवर आएको छ। कटारी बजारसँग जोडिएको वैजनाथ र तावा खोला किनार आसपासका खेतबारीमा बाढी पस्नुका साथै खोला छेउछाउका बस्तीबासीलाई विस्थापित गर्ने खतरा बढेको इलाका प्रहरी कार्यालय कटारीका प्रमुख डिएसपी हेमन्त भण्डारीले बताए। निरन्तर वर्षाले बाढी र कटानको खतरा बढेपछि प्रहरी र सशस्त्रलाई परिचालन गरेर उद्धारका लागि खट्दै आएको भण्डारीले बताए।

यता पहाडी गाउँपालिका रौतामाई ७ को पुवारे डहर खड्काबारीमा पहिरो जान थालेपछि दर्जन घरधुरी दलित परिवार जोखिममा परेका छन्। अविरल वर्षापछि खड्काबारीको वरिपरि लगातार पहिरो खस्न थालेपछि गाउँका ११ घरधुरी दलित परिवार जोखिमा परेको स्थानीय दुर्गा एसकेले बताए। पहिरोले घेर्न थालेपछि गाउँले सबै घर छाडेर सुरक्षित हुन आफन्त र छिमेकीकोमा सरण लिन पुगेको उनले बताए।

कोपा .....

समयको चौथो मिनेटमा डियाजले गोल थपेपछि कोलम्बीयाको जीत पक्का भएको थियो।

विजयी गोल गर्ने उनी नै म्यान अफ द म्याच चुनिए। यस खेलको दुई गोलले कुल चार गोलसहित उनी जारी प्रतियोगितामा अर्जेन्टिनाका लियोनल मेस्सीसँगै शिर्ष गोलकर्ताको पहिलो सूचिमा छन्। ब्राजिलका रेफ्री राफेल क्लजले पेरुलाई दुई तथा कोलम्बीयालाई तीन पहेँलो कार्ड दिएका थिए। कोलम्बीयाका प्रशिक्षक रिनाल्डो रुइडाले ४-४-१-१ को रणनीति अपनाएका थिएभने पेरु ४-२-३-१ को रणनीतिमा मैदान उत्रिएको थियो। पेरुले अर्जेन्टिनाका रिकार्डो गरेसालाई प्रशिक्षकको जिम्मेवारी दिएको थियो। फिफा वरियताको कुरा गर्दा कोलम्बीया १५ औं र पेरु २७ औं स्थानमा छन्।

हेड टु हेडमा पनि कोलम्बीया नै माथि छ। यो नतिजासहित अहिलेसम्मको हेड टु हेड हेर्दा कोलम्बीयाले पेरुसँग २७ मा जीत, १९ मा मात्र हार र २२ बराबरी खेलेको छ। यसरी यी दुईको भिडन्तमा कोलम्बीया अगाडि भएपनि कोपा अमेरिका कपमा पेरु नै सफल छ। सन् १९१६ देखि सुरु यस प्रतियोगितामा पेरु दुईपटक विजेता र एकपटक उपविजेता भएको छ। त्यसपछि कोलम्बीया भने एकपटकमात्र विजेता र एकपटक उपविजेता भएको ईतिहाँस छ। पेरु आठपटक तेस्रो र छ पटक चौथो भएको छभने कोलम्बीया पाँचपटक तेस्रो र दुईपटक चौथो भएको छ। यसपटकको फाइनल ब्राजिल र अर्जेन्टिनाले नेपाली समयअनुसार आईतबार बिहान ५:४५ मा खेल्नेछन्।

त्रिनपा - १० बोक्से यलम्बर टोल। यहाँ सम्पूर्ण किसिमका किराना तथा दैनिक उपभोग्य खाद्यान्न समागीहरु सुपथ मूल्यमा पाईन्छ। साथै र ाँगा,बंगुर र ब्रोईलर कुखुर ाको मासु पनि उपलब्ध छ।

एस एण्ड एस सप्लायर्स

होटल रोदुङ सेकुवा कर्नर & लज
त्रियुगा न.पा. ११ गाईघाट
रोदुङ सेकुवा कर्नर
यहाँ खाजा नास्ता पाइन्छ।

प्रोपाईटर - **अगम चामलिङ राई**, ९८०७७६४३४३
गाईघाट, उदयपुरको सबै भन्दा पुरानो सेकुवा कर्नर। स्थान- गाईघाट मेनचोक, एनएमबी बैङ्क बिशालबजार अगाडी। यहाँ खाने,बस्ने

पाण्डे श्री सप्लायर्स & ट्रेडर्स

त्रिनपा - ११ गाईघाट, उदयपुर, असारीरोड, लालिगुराक बोडिङदेखि पुर्व काका होटलसंगै जोडिएको। प्रोपाइटरः-**बिनोदकुमार पाण्डे**
सम्पर्कः- ९८५२८३०५८२ *यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ।*

गाईघाटे सेकुवा कर्नर..

सम्पर्क - ९८६२९३६१९०
९८१९७४५०६७
स्थान - गाईघाट टेम्पुचोक

पाण्डे श्री सप्लायर्स & ट्रेडर्स

पाण्डे श्री सप्लायर्स & ट्रेडर्स

प्रोपाइटर - कैलाश चामलिङ राई।
सम्पर्क -
९८६२८३४६५६
९८४२९८३५१०

सप्तकोशी होटल एण्ड लज
त्रि.न.पा -११ संगम टोल

सस्तोमा गिफ्टका सामान र गुडीया

खुवालुङ गुडीया सप्लार्यस

त्रियुगा नगरपालिका ११ गाईघाट, असारी रोड। प्रोपाईटर : **एनुका राई** *सम्पर्क :- ९८१५७७१०५२*

यहाँ बिभिन्न किसिमका गुडीया तथा उपहारका सामग्री (गिफ्ट) सुपथ मूल्यमा पाईन्छ। साथै गुडीया बनाउने तालिम, प्रशिक्षण पनि दिइन्छ।

कोपा अमेरिका कपमा कोलम्बिया तेस्रो

❖ **बिबेक राई**

गाईघाट, असार २५

४७ औं कोपा अमेरिका कपमा कोलम्बीया तेस्रो स्थान ओघट्न सफल भएको छ। नेपाली समयअनुसार शनिबार बिहान ५:४५ बजे तेस्रो स्थानको लागि लिइएको खेलमा जीत हातपार्दै कोलम्बीया तेस्रो हुन सफल भएको हो। प्रतिस्पर्धात्मक खेलमा पेरुलाई ३-२ ले हराउँदै कोलम्बीयाले समुह चरणमा व्योहोरेको हारको बदलासमेत लिन सफल भएको छ। समुह चरणको खेलमा पेरुले कोलम्बीयालाई प्रतिस्पर्धात्मक २-१ ले हराएको थियो । तर यहाँ आएर तेस्रो स्थानको लागि खेलाइएको खेलमा भने पेरु पराजित भयो ।

भौगोलिक रुपमा दक्षिण अमेरिकी महादेशमा १३ राष्ट्र भएपनि दश राष्ट्रले मात्र सहभागिता जनाउने गरेका छन्। बाँकी रहेका राष्ट्र गुयना, सुरिनाम र फ्रेन्च गुयाना गरि उत्तरमा रहेका तीन राष्ट्रले भने उत्तर अमेरिकी महादेशको कोन्काकाफ कपमा भाग लिने गरेका छन् । कोपा अमेरिका कपमा सहभागि दश राष्ट्रलाई सिधै दुई समुहमा विभाजन गरेर प्रतियोगिता खेलाइएको थियो। ग्रुप ए अर्थात दक्षिणी क्षेत्रमा अर्जेन्टिना, उरुग्वे, पाराग्वे, चिली र बोलिभिया राखिएको थियो। ग्रुप बी अर्थात उत्तरी क्षेत्रमा आयोजक ब्राजीलसहित पेरु, कालम्बीया, इक्वेडर र भेनेज्यूला परेका थिए।

हरेक समुहका पाँच राष्ट्रमध्ये शिर्ष चारले क्वाटरफाइनल खेल्ने पाउने नियम छ। समुह ए बाट एक बराबरी र तीन जीतसहित अपराजित बनेको अर्जेन्टिना शिर्ष स्थान बनाउन सफल भयो । त्यसपछि उरुग्वे दोस्रो, पाराग्वे तेस्रो, चिली चौथो हुँदै क्वाटरफाइनल प्रवेश गर्दा समुहका सबै खेल हारेको बोलिभिया समुह चरणबाटै बाहिरियो। अर्जेन्टिनाजस्तै ब्राजिल पनि एक बराबरी र तीन जीतसहित समुह बी को शिर्षस्थान बन्दै समुह चरण पार गर्न सफल भयो। समुह बी बाट पेरु दोस्रो, कोलम्बीया तेस्रो र इक्वेडर चौथो हुँदै क्वाटरफाइनल आइपुगेका थिए।

दुई बराबरी खेलेर समुह बी को पुछारमा रहेको भेनेज्यूला समुह चरणबाटै बाहिरिएको थियो । समुह चरण पार गरेपछि कोलम्बीयाले उरुग्वेलाई निर्धारित समय गोलरहित बराबरी खेलेपछि टाइब्रेकरमा ४-२ले हराएको थियो । सेमिफाइनलमा भने कोलम्बीया अर्जेन्टिनासँग टाइब्रेकरमा नै पराजित भयो । निर्धारित ९० मिनेटको समयसम्म १-१ को बराबरी भएपछि नतिजा टाइब्रेकरबाट लिइएको थियो । यूरोकप वा बाहिर अन्य प्रतियोगिताजस्तो कोपा अमेरिका कपमा निर्धारित ९० मिनेटपछि ३० मिनेटको अतिरिक्त समय थप नगरि सिधै टाइब्रकेर खेलाइन्छ।

टाइब्रेकरमा अर्जेन्टिनासँग ३-२ ले पराजित भएपछि कोलम्बिया फाइनलबाट एक कदमले पछि परेको थियो । उता पेरुले पहिलो क्वाटरफाइनल खेलमा पाराग्वेसँग निर्धारित समय ३-३ को टक्करको खेल खेलपछि टाइब्रेकरमा ४-३ को बाजि मारेको थियो । पछि सेमिफाइनलमा ब्राजिलसँग १-० को साँघुरो हार व्योहोरेको थियो। सेमिफाइनलमा पराजित भएका कोलम्बीया र पेरुलाई त्यसपछि तेस्रो स्थानको लागि खेलाइएको थियो जसमा एक गोलले पछि पर्नुका बावजुद कोलम्बीया ३-२ ले बाजी मार्न सफल भयो।

ब्राजिलको राजधानी ब्राजिलियास्थीत न्याकियोनल माने गारिञ्चा रंगशालामा पहिलो हाफको अन्तिममा पेरु अग्रता लिन सफल भएको थियो। ४५ औं मिनेटमा भिक्टर योटुनले पेरुलाई अग्रता दिलाएका थिए। दोस्रो हाफ सुरु हुनुसाथ ४९ औं मिनेटमा जुअन क्युड्राडेले गोल गर्दै कोलम्बीयालाई १-१ को बराबरीमा ल्याए।६६ औं मिनेटमा कोलम्बीयाका लुइस डियाजले गोल गरेपनि ८२ औं मिनेटमा पेरुका लपडुला भर्गासले गोल गरेपछि २-२ को नतिजा आएको थियो । तर ९० मिनेटपछिको इन्ज्यूरी

- *बाकि ३ पेजमा*

मुलुकी दैनिक पत्रिकामा बिज्ञापन प्रकाशन गर्नुपरेमा, पत्रिकाको बार्षिक,

ब्यबस्थापक -९८४२९८५१८८

रौताको शुद्ध पानी,
सुरक्षित जिन्दगानी...
हिमाल, पहाड, तराई, सहरदेखि
गाउँ-गाउँसम्मको रोजाई पवित्र
रौता पोसगेको मुस्कान
त्रियुगा नदीबाट उत्पादित
शुद्ध मिनिरल वाटर रौता
पानी सधै सबैले
प्रयोग गरौ ।
रौता
प्रोपाइटर - पर्शुराम चौधरी, फोन: ९८५२८३५०३७
त्रियुगा नगरपालिका - ३ मोतिगडा, उदयपुर

आकर्षक घर बिक्रिमा

उदयपुर जिल्लाको सदर मुकाम गाईघाट बजार, संगमटोल, प्याराडाईज बोडिङ जाने सडकको मुख्य रोडदेखि साठी ६० मिटर भित्र रहेको अढाई तले आकर्षक ब्यापारिक घर बिक्रिमा ।

घरको आकर्षणहरु - भुँई तलामा २ वटा सटर, २ वटा कोठा, ट्वाईलेट बाथरुम, भर्याङ, पार्किङ भएको, माथिल्लो तलामा ३ वटा कोठा र कार्यक्रमहल अन्तिम तलामा दुई वटा कोठा र किचेन रुम भएको, बगैचा भएको, आफु बस्नको लागि बनाएको घर सुबिधा सम्पन्न र नयाँ

भिमरैता हस्पिटलको सेवा

गाईघाट, उदयपुर

हस्पिटल प्रमुख डाक्टर निर्मला चौधरीको कमाण्डमा २४ सै घण्टा सेवा दिईनेछ ।

स्थान. गाईघाट असारी रोड । सम्पर्क.९८१६७४५६१७

हाम्रा सेवाहरु-
१, डा. निर्मला चौधरी (MBBS)
२, डा.राम नारायण चौधरी(बालरोग बिशेषज्ञ)
३, डा.मनोज चौधरी(छाला रोग बिशेषज्ञ)
४, डा. सरोजकुमार साह(हार्डजोर्नी तथा नशा रोग बिशेषज्ञ)
५, डा. साधना साह(स्त्री रोग बिशेषज्ञ)
६, डा.रबिन्द्र चौधरी(वरिष्ठ फिजिसियन
७, डा. बलेश्वर यादव(नाँक,कान,घाँटी रोग बिशेषज्ञ)
६, डा. सुवास कुमारचौधरी(MBBS) युरोसर्जन

Bhimraita Trauma & Maternity Hospital Pvt.Ltd.
भिमरैता ट्रमा एण्ड प्रसुती अस्पताल प्रा.लि.
भिमरैता फार्मेसी

माझखर्क साप्ताहिकको सह-प्रकाशन
मुलुकी दैनिक
प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय- त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः- ०३५-४२०३९४/९८५२८३५८८८
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट